# ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) आदेश, २०५२

नेपाल राजपत्रमा प्रकाशित मिति
२०५२।१२।१

संशोधन
ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) आदेश, २०५२  २०६०।१०।१९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायको आदेश जारी गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस आदेशको नाम "ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति (गठन) आदेश, २०५२ रहेको छ ।

(२) यो आदेश तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : वियष वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस आदेशमा-

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्षलाइ समेत जनाउंछ ।

•(घ) "आयोजना" भन्नाले यस गठन आदेश बमोजिम स्थानीय जनसहभागिताको माध्यमबाट तर्जुमा, कार्यान्वयन, सञ्चालन र मर्मत सम्भार हुने ग्रामिण खानेपानी तथा सरसफाइ आयोजना सम्झनु पर्छ ।

(ङ) "उपभोक्ता समूह" भन्नाले आयोजना तर्जुमा, कार्यान्वयन तथा संचालन गर्न स्वेच्छाले आवश्यक सहयोग प्रदान गरी आयोजनाबाट प्रत्यक्ष रुपमा लाभान्वित हुने स्थानीय व्यक्तिहरुले प्रचलित कानून बमोजिम दर्ता गरेको उपभोक्ता समूह सम्झनु पर्छ ।

(च) "खानेपानी उपभोक्ता समिति" भन्नाले आयोजनाको तर्जुमा, कार्यान्वयन तथा मर्मत सम्भार गर्नको निमित्त उपभोक्ता समूहले आफुप्रति उत्तरदायी हुने गरी आफ्नो तर्फबाट कार्य गर्नको लागि आफ्नो समूहबाट छानेका व्यक्तिहरुको समिति सम्झनु पर्छ ।

•(छ) "सहयोगी संस्था" भन्नाले आयोजना तर्जुमा तथा कार्यान्वयन गर्न उपभोक्ता समूहलाइ आवश्यक सहयोग पुऱ्याउन तथा सो प्रयोजनको लागि अन्य संस्थालाइ परिचालन गर्नको लागि समितिले छनौट गरेको प्रचलित कानून बमोजिम स्थापित गैर सरकारी संस्था वा निजी क्षेत्रसंग सम्बन्धित संगठित संस्था सम्झनु पर्छ ।

(ज) "कार्यकारी निर्देशक" भन्नाले दफा ८ बमोजिम नियुक्त समितिको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

♣(ज१) "मन्त्रालय" भन्नाले भौतिक योजना तथा निर्माण मन्त्रालय सम्झनुपर्छ ।

(झ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यो आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

---

• पहिलो सशोधनद्वारा संशोधित ।
♣ पहिलो सशोधनद्वारा थप ।

३. **ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति गठन** : (१) आयोजनालाई दिगो, भरपर्दो र किफायती तवरले कार्यान्वयन गर्नको लागि उपभोक्ता समूह तथा सहयोगी संस्थालाइ आर्थिक, प्राविधिक एवं संस्थागत सहयोग पु्याउनको निमित्त ग्रामीण खानेपानी तथा सरसफाइ कोष विकास समिति नामको एक समिति गठन गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् -

| | | |
|---|---|---|
| •(क) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी), मन्त्रालय | सदस्य |
| •(ख) | प्रतिनिधि, (रा.प. प्रथम श्रेणी), स्थानीय विकास मन्त्रालय | सदस्य |
| •(ग) | जिल्ला विकास समिति महासंघको अध्यक्ष वा निजले तोकेको सो महासंघको प्रतिनिधि | सदस्य |
| •(घ) | गाँउ विकास समिति महासंघको अध्यक्ष वा निजले तोकेको सो महासंघको प्रतिनिधि | सदस्य |
| (ङ) | ग्रामीण खानेपानी तथा सरसफाइ इन्जिनियरिङ्ग विषयमा एक जना सहभागि मूलक ग्रामीण विकासमा एक जना र स्वास्थ्य तथा सरसफाइ विषयमा एकजना गरी नेपाल सरकारले मनोनित गरेको तीन जना | सदस्य |

तर,

(१) प्रत्येक सदस्यले आफ्नो सम्बन्धित क्षेत्रमा कम्तिमा १० वर्षको अनुभव प्राप्त गरी उक्त क्षेत्रमा विशेष योगदान पु्याएको हुनु पर्नेछ,

(२) मनोनित सदसयहरु मध्ये दुइ जना गैर सरकारी संस्थाबाट र एक जना निजी क्षेत्रबाट प्रतिनिधित्व हुनु पर्नेछ,

(३) मनोनित सदस्यहरु मध्ये कम्तिमा एक जना महिला हुनु पर्नेछ ।

(४) मनोनित सदस्यहरु विगत एक वर्ष देखि कुनै राजनैतिक दलसंग सम्बन्धित पदमा रहेको हुनु हुदैंन ।

♣(२क) उपदफा (२) को खण्ड (ङ) बमोजिमका सदस्यहरु मनोनयनको लागि नेपाल सरकार समक्ष सिफारिश गर्न मन्त्रालयको सचिवको अध्यक्षतामा सो मन्त्रालयको खानेपानी तथा सरसफाइ र प्रशासन हेर्ने सहसचिच रहेको तीन सदस्यीय एक सिफारिश समिति रहनेछ ।

•(३) समितिका सदस्यहरुले प्रत्येक तीन वर्षको लागि आफुमध्येबाट अध्यक्षको छनौट गर्नेछन् ।

(४) मनोनित सदस्यहरुको पदावधि तीन वर्षको हुनेछ । पदावधि पुरा नहुदै कुन मनोनित सदस्यको पद रिक्त हुन आएमा बांकी अवधिको लागि उपदफा (२) को खण्ड (ङ) को प्रक्रियाद्वारा सदसयहरुको पूर्ति गरिनेछ ।

(५) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै सदस्यले समितिको हित अनुकुल कार्य गर्न सकेको छैन भन्ने कुरामा नेपाल सरकार विस्वस्त भएमा नेपाल सरकारले त्यस्तो सदस्यलाइ जुनसुकै वखत सदस्यको पदबाट हटाउन सक्नेछ ।

तर यसरी पदबाट हटाउनु अघि सम्बन्धित सदस्यलाइ सफाइ पेश गर्ने मौका दिइनेछ ।

---

• पहिलो सशोधनद्वारा संशोधित ।

♣ पहिलो सशोधनद्वारा थप ।

(६) कार्यकारी निर्देशकले समितिको सचिव भइ काम गर्नेछ ।

(७) समितिले आवश्यक देखेका कुनै स्वदेशी वा विदेशी विशेषज्ञ वा •सल्लाहकार वा उपभोक्ता समितिको कुनै सदस्य वा व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ ।

(क) समितिको संचालन र व्यवस्थापन सम्बन्धी नीति निर्धारण गर्ने र सो नीतिको कार्यान्वयन भए नभएको सुपरिवेक्षण तथा अनुगमन गर्ने गराउने ।

(ख) तोकिए बमोजिमको मापदण्डको आधारमा कार्यकारी निर्देशक छनौट गरी स्वीकृतिको निमित्त सिफारिश गरेका सहयोगी संस्था तथा आयोजनालाइ स्वीकृति प्रदान गर्ने ।

(ग) खण्ड (ख) बमोजिम स्वीकृति प्रदान गरिएको आयोजना संचालन गर्नको लागि आवश्यक रकम उपलव्ध गराउने ।

(घ) कार्यकारी निर्देशकले पेश गरेको योजना कार्यक्रमहरु उपर छलफल गरी स्वीकृत गर्ने ।

(ङ) समितिको वार्षिक कार्यक्रम र वजेट स्वीकृति गर्ने ।

♣(ङ१) आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सहयोगी संस्था तथा उपभोक्ता समूहसंग तोकिए बमोजिम सम्झौता गर्ने ।

♣(ङ२) खण्ड (ङ) बमोजिम स्वीकृत वार्षिक कार्यक्रम मन्त्रालयमा पेश गर्ने ।

♣(ङ३) स्थानीय निकायसंग समन्वय गरी आयोजना तर्जुमा तथा कार्यान्वयन गराउने ।

(च) समितिको प्राविधिक तथा आन्तरिक लेखा परीक्षण गराउन स्वतन्त्र व्यवसायिक लेखा परीक्षक नियुक्त गर्ने ।

(छ) समितिले वर्ष भरी गरेको काम कारवाहीको वार्षिक प्रतिवेदन र प्रत्येक वर्षको लेखा परीक्षणको प्रतिवेदन नेपाल सरकार समक्ष पेश गर्ने ।

(ज) यस आदेशको अधिनमा रही समितिले गर्नु पर्ने अन्य कार्यहरु गर्ने गराउने ।

♣४क. **आयोजनाको स्वीकृत तथा कार्यान्वयन सम्बन्धी व्यवस्था** : (१) समितिले जिल्ला विकास समितिको आवधिक, वार्षिक, वा दीर्घकालिन योजनामा समावेश भएको कार्यक्रमलाइ मात्र आयोजनाको रुपमा स्वीकृत गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम आयोजना स्वीकृत गरेपछि समितिले त्यसको जानकारी यथाशिघ्र सम्बन्धित जिल्ला विकास समितिलाइ दिनु पर्नेछ ।

(३) समितिले स्थानीय निकायसंग सम्झौता गरी कुनै आयोजनामा त्यस्तो निकायको आर्थिक तथा प्राविधिक सहयोग रहने गरी आयोजनाको तर्जुमा तथा कार्यान्वयन गराउन सक्नेछ ।

(४) यस आदेश बमोजिम कार्यान्वयन तथा मर्मत सम्भार गरिएको आयोजनको अनुगमन तथा मुंल्याकन सम्बन्धी कार्यमा सम्बन्धित स्थानीय निकायलाइ सहभागि गराइनेछ ।

---

• पहिलो सशोधनद्वारा संशोधित ।

♣ पहिलो सशोधनद्वारा थप ।

♣४ख. **सम्झौता बमोजिम काम गर्नु पर्ने** : (१) उपभोक्ता समूहले समितिसंग भएको सम्झौता बमोजिम आयोजना कार्यान्वयन गर्नु पर्नेछ ।

(२) कुनै उपभोक्ता समूहले समितिसंग भएको सम्झौता बमोजिम काम नगरेमा यस आदेश बमोजिम समितिले दिएको निर्देशनको पालना नगरेमा वा उपभोक्ता समूहको हैसियतले प्रचलित कानून बमोजिम गर्नुपर्ने कुनै काम नगरेमा समितिले त्यस्तो उपभोक्ता समूहसंग भएको सम्झौता रद्द गरी अर्को उपभोक्ता समूहसंग आयोजना कार्यान्वयन गर्ने सम्बन्धमा सम्झौत ागर्न वा अन्य प्रकृया अपनाई आयोजना कार्यान्वयन गराउन सक्नेछ ।

♣४ग. **समितिको काम, कारवाही तथा आयोजनको अनुगमन** : (१) मन्त्रालयले समितिको काम, कारवाहीको सम्बन्धमा आवश्यकता अनुसार अनुगमन गर्न सक्नेछ ।

(२) समितिसंग भएको सम्झौता बमोजिम उपभोक्ता समूहले आयोजनाको कार्यान्वयन गरे नगरेको सम्बन्धमा समितिले अनुगमन गर्नु पर्नेछ ।

♣४घ. **समितिलाइ सहयोग गर्नु पर्ने** : आयोजनबाट वितरण गरिने खानेपानी वाँडफाँडको सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा समितिले सो विवाद समाधान गर्न सम्बन्धित स्थानीय निकायसंग सहयोग माग गर्न सक्नेछ र त्यस्तो सहयोग गर्नु सम्बन्धित स्थानीय निकायको कर्तव्य हुनेछ ।

५. **समितिको बैठक र निर्णय** : (१) समितिको बैठक कम्तीमा महिनाको एक पटक बस्नेछ ।

(२) समितिको वैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ । तर अध्यक्षको पद रिक्त रहेको अवस्थामा सचिवले समितिको वैठक वोलाउनेछ ।

(३) समितिको सचिवले समितिको बैठक बस्ने सूचना कम्तीमा सात दिन अगावै सदस्यहरुलाइ दिनु पर्नेछ र त्यस्तो सूचनाको साथमा बैठकमा छलफल हुने विषयहरुको सूची समेत सदस्यहरुलाइ उपलव्ध गराउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कम्तीमा तीन जना सदसयहरुले समितिको बैठक वोलाइयोस् भनी मनासिव माफिकको कारण देखाइ लिखित माग गरेमा समितिको सचिवले अध्यक्षलाइ सो कुराको जानकारी गराइ सात दिन भित्र समितिको बैठक वोलाउनु पर्नेछ ।

(५) समितिको कुल सदस्य संख्याको कम्तीमा पचास प्रतिशत सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(६) समितिको वैठको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सदस्यहरुले आफु मध्येबाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

(७) समितिको वैठकमा वहुमतको राय मान्य हुनेछ र मत वरावर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ ।

तर सहयोगी संस्थाको छनौट, आयोजनाको स्वीकृति, समितिको वार्षिक कार्यक्रम तथा वजेटको स्वीकृति, कार्यकारी निर्देशकको नियुक्ति गर्ने तथा हटाउने र यस आदेश अन्तर्गत नियमहरु वनाउने सम्बन्धमा निर्णय गर्दा कम्तीमा पाँच जना सदस्यहरुको एक मत नभइ समितिको निर्णय हुन सक्ने छैन ।

(८) समितिको निर्णय समितिको सचिवद्वारा प्रमाणित गरिनेछ ।

(९) समितिको वैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

---

♣ पहिलो सशोधनद्वारा थप ।

६. **निर्णय प्रक्रियामा सहभागी हुन नपाउने अवस्था** : सदस्य वा समितिका कुनै कर्मचारीले आफ्नो स्वार्थ भएको विषयवस्तुसंग सम्बन्धित समितिको कुनै निर्णय प्रकृयामा भाग लिन पाउने छैन ।

७. **उप समितिहरु गठन गर्न सक्ने** : (१) समितिले आफ्नो कार्य संचालन गर्नको लागि आवश्यक उप समितिहरु गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उप समितिहरुको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोकि दिए बमोजिम हुनेछ ।

८. **कार्यकारी निर्देशकको नियुक्ति सम्बन्धी व्यवस्था** : (१) समितिको प्रशासकीय प्रमुखको रुपमा दैनिक कार्य संचालन गर्नका लागि समितिले एक जना कार्यकारी निर्देशक नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि नेपाल सरकारले कुनै राजपत्राकित कर्मचारीलाइ वढीमा तीन महीनाको निमित्त कार्यकारी निर्देशकको कार्य गर्नको लागि तोक्न सक्नेछ ।

(३) कार्यकारी निर्देशकको पदवधि ४ वर्षको हुनेछ र पदावधि समाप्त भए पछि निजलाइ वढीमा २ वर्षको लागि पुनः एक पटक नियुक्त गर्न सकिनेछ ।

(४) कुनै कारणवश कार्यकारी निर्देशकको पद खाली हुन आएमा उपदफा ५ बमोजिम कार्यकारी निर्देशक नियुक्ति नभए सम्मको लागि समितिले वढीमा ३ महिनाको लागि समितिको कुनै अधिकृत कर्मचारीलाइ कायवाहक कार्यकारी निर्देशकको रुपमा नियुक्त गर्न सक्नेछ ।

(५) कार्यकारी निर्देशक हुनको लागि चाहिने योग्यता तथा निजको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त र सुविधा तोकिए बमोजिम हुनेछ ।

(६) कार्य क्षमताको अभाव, भ्रष्टाचार वा आफ्नो पदीय दायित्व पुरा गर्न नसकेको देखिएमा समितिले कार्यकारी निर्देशकलाइ निजको पदबाट हटाउनेछ । यसरी निजलाइ पदबाट हटाउनु अघि सफाइको मौका दिनु पर्नेछ ।

९. **कर्मचारी सम्बन्धी व्यवस्था** : (१) समितिको कार्य संचालनको लागि समितिले खुल्ला प्रतियोगिताद्वारा आवश्यक कर्मचारीहरु तोकिए बमोजिम नियुक्त गर्नेछ ।

(२) उपदफा (१) बमोजिम नियुक्त कर्मचारीहरुको पारिश्रमिक, सेवाको शर्त, सुविधा र काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ ।

१०. **बैठक भत्ता** सदस्यहरुले समितिको बैठकमा भाग लिए वापत तोकिए बमोजिमको बैठक भत्ताा पाउनेछन् ।

११. **समितिको कोष** (१) समितिको आफ्नो एउटा छुट्टै कोष हुनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु हुनेछ :-

(क) नेपाल सरकारबाट अनुदान स्वरुप प्राप्त रकम ,

(ख) विदेशी सरकार वा राष्ट्रिय वा अर्न्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त सहयोग वा अनुदान रकम ।

तर यसरी विदेशी सरकार वा अर्न्तराष्ट्रि संघ संस्थाबाट सहयोग वा अनुदान लिनु अघि नेपाल सरकारको स्वीकृति दिनु पर्नेछ ।

(ग) समितिलाइ अन्य कुनै श्रोतबाट प्राप्त रकम ।

(३) समितिको तर्फबाट गरिनेछ सम्पूर्ण खर्च उपदफा (१) बमोजिमको कोषमा जम्मा भएको रकमबाट व्यहोरिनेछ ।

(४) समितिले नेपाल राष्ट्र बैंक वा नेपालमा रहेको कुनै वाणिज्य बैंकको खातामा रकम जम्मा गरी आफ्नो कोषलाइ संचालन गर्न सक्नेछ ।

(५) समितिको कोषको संचालन नियममा तोकिए बमोजिम हुनेछ ।

(६) नेपाल सरकारबाट अनुदान स्वरुप समितिलाइ प्राप्त भएको रकम फ्रिज हुने छैन ।

१२. **समितिको लेखा परीक्षण** : (१) समितिको आय व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको वार्षिक लेखा परीक्षण महालेखा परीक्षकको विभागबाट वा महालेखा परक्षिकबाट नियुक्त स्वतन्त्र लेखा परीक्षकबाट हुनेछ ।

(३) समितिको प्राविधिक तथा अन्तरिक लेखा परीक्षण स्वतन्त्र व्यवासायिक लेखा परीक्षकबाट हुनेछ ।

तर एउटै व्यक्ति वा संस्था लगातार तीन वर्ष भन्दा वढी लेखा परीक्षकमा नियुक्त हुन सक्ने छैन ।

(४) नेपाल सरकारले चाहेमा जुनसुकै वखत समितिको हिसाव किताव जांच्न वा जचाँउन सक्नेछ ।

१३. **निर्देशन दिन सक्ने**: (१) नेपाल सरकारको स्वीकृत ग्रामिण खानेपानी तथा सरसफाइ सम्बन्धी नीति कार्यान्वयन गराउनको लागि मन्त्रालयले समितिलाइ आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ ।

(२) समितिले आयोजनाको तर्जुमा तथा कार्यान्वयनको सम्बन्धमा उपभोक्ता समूह तथा सहयोगी संस्थालाइ आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित उपभोक्ता समूह वा सहयोगी संस्थाको कर्तव्य हुनेछ ।

१४. **अधिकार प्रत्यायोजन** : (१) यो आदेश वा यस आदेश अन्तर्गत बनेका नियम बमोजिम समितिले आफुलाइ प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार कुनै सदस्य, दफा ७ बमोजिम गठित उप समिति वा कार्यकारी निर्देशकलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

(२) कार्यकारी निर्देशकले यो आदेश वा यस आदेश अन्तर्गत बनेको नियम बमोजि आफुलाइ प्राप्त भएको अधिकार मध्ये आवश्यकता अनुसार केही अधिकार समितिको कुनै कर्मचारीलाइ प्रत्यायोजन गर्न सक्नेछ ।

१५. **सम्पर्क मन्त्रालय** : समितिले नेपाल सरकारसंग सम्पर्क राख्दा नेपाल सरकार, ×............ मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१६. **समितिको कार्यालय** : समितिको प्रधान कार्यालय काठमाडौं उपत्यकामा रहनेछ र समितिले आवश्यकता अनुसार नेपालको अन्य ठाउँमा समेत शाखा खोल्न सक्नेछ ।

१७. **नियम वनाउन सक्ने** : समितिले आफ्नो कार्य संचालन गर्नको लागि यस आदेशको अधिनमा रही आवश्यक नियमहरु वनाउन सक्नेछ ।

तर यसरी वनाएका नियमहरु मध्ये कर्मचारीहरुको नियुक्ति, तलव, भत्ता तथा अन्य सुविधा सम्बन्धित नियमहरुमा समितिले भौतिक ×....... मन्त्रालयसंग परामर्श लिनु पर्नेछ ।

---

× पहिलो संशोधनद्वारा झिकिएको ।

**द्रष्टव्य** : केही नेपाल कानुन संशोधन गर्ने ऐन, २०६३ ले देहायको शब्दको सट्टा देहायको शब्द राखी रुपान्तरण गरेको छ :
"श्री ५ को सरकार" भन्ने शब्दको सट्टा "नेपाल सरकार" ।